# भिमसेनथापा गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय
शिक्षा, युवा तथा खेलकुद शाखा,
घ्याल्चोक, गोरखा ।
२०७३ गण्डकी प्रदेश (Gandaki Provinc

पत्र संख्या(Reference No.) :-०७७/०७८
च.नं. (Dispatch No.) :- 069

मिति:- २०७७।०७।२०

**विषय : युवा क्लब गठन सम्बन्धमा ।**

श्री सबै वडा कार्यालयहरु (वडा नं. १ देखि ८ सम्म)
भिमसेनथापा गाउँपालिका, गोरखा ।

प्रस्तुत विषयमा यस पालिकाको आ.व. २०७७/७८ को वार्षिक नीति, कार्यक्रम र बजेट अनुसार **युवा क्लव गठन तथा नमुना युवा संसद अभ्यास कार्यक्रम** सञ्चालन गर्नुपर्ने भएकाले तहाँ वडाबाट "युवा क्लव गठन तथा युवा संसद अभ्यास सञ्चालन कार्यविधि, २०७५ (दोस्रो संशोधन सहित)" को व्यवस्था अन्तर्गतको परिच्छेद २ अनुसार यहि मंसिर १५ गतेभित्र वडाहरुले कार्यविधिले तोकेको आवश्यक प्रक्रियाका आधारमा युवा क्लव गठन गरि सो निर्णयको प्रतिलिपी यस शाखामा उपलब्ध गराईदिनुहुन अनुरोध छ साथै युवा क्लव गठन गर्नका लागि कार्यविधिले तोकेको प्रक्रिया (परिच्छेद २) को प्रतिलिपी पाना थान २ यसै पत्रसाथ सम्लग्न राखि पठाईएको व्यहोरा समेत अनुरोध छ ।

यान बहादुर नेपाली
शिक्षा अधिकृत

.................
यान बहादुर नेपाली
शिक्षा अधिकृत, आठौं

**बोधार्थ:**

**श्री वडाध्यक्ष ज्यूहरु** (भिमसेनथापा गाउँपालिका अन्तर्गतका सवै वडाहरु)-आवश्यक समन्वय एवम् सहजीकरणका लागि ।

Scanned by TapScanner

## परिच्छेद – २

## युवा क्लबको गठन प्रक्रिया काम कर्तव्य र अधिकार

### ३. युवाक्लबको गठन

(१) स्थानीय तहको प्रत्येक वडामा सम्बन्धित वडाको वडाध्यक्ष वा निजले तोकेको वडासदस्यको संरक्षकत्वमा युवाक्लब गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने युवाक्लबमा सम्बन्धित वडा भित्रका १६ देखि २४ वर्ष उमेर समूहका सम्पूर्ण युवाहरु युवाक्लबका साधारण सदस्य हुन सक्नेछन् । यसका लागि सम्बन्धित वडासमितिले तोकेको समयभित्र उक्त उमेर समूहका युवाले सदस्यताका लागि सम्बन्धित वडासमितिको सचिवालयमा उमेर र ठेगाना खुलेको प्रमाण सहित दर्ता गर्नुपर्नेछ । युवाक्लबका साधारण सदस्य चौविस बर्ष उमेर पुरा भएपछि उक्त युवाक्लबको सदस्य रहनेछैन ।

(३) हरेक वडमा गठन हुने वडास्तरीय युवाक्लब कार्यसमितिमा देहायका युवालाई सदस्यको रुपमा सम्बन्धित वडा समितिले मनोनित गर्नेछ ।

क. प्राथमिकताको समूहका युवाहरु मध्येबाट एक जना ।

ख. विशेष प्राथमिकताको समूहका युवाहरु मध्येबाट एक जना ।

ग. स्थानीय उद्यमी युवाहरु मध्येबाट एकजना

घ. युवा पत्रकारहरु मध्येबाट एकजना

ङ. स्थानीय खेलाडीहरु मध्येबाट एकजना

च. स्थानीय कलाकारहरु मध्येबाट एकजना

छ. स्थानीय सहकारीमा आवद्ध युवाहरु मध्येबाट एकजना

ज. स्थानीय समुदायमा आधारित संस्थाहरुको प्रतिनिधि युवा एकजना

झ. वडा भित्रका मेधावी विद्यार्थीहरुमध्येवाट एकजना महिला सहित २ जना

ञ. वडापालिकाले खुला समूहबाट मनोनित गरेका युवा ५ जना

(४) युवाक्लबका सदस्यहरुले अध्यक्ष , उपाध्यक्ष, सचिव तथा कोषाध्यक्ष आँफूहरु मध्येबाट छनौट गर्नेछन् । उपर्युक्तानुसारको वडाक्लबको कूल सदस्य संख्यामा कम्तिमा पचास प्रतिशत महिलाको प्रतिनिधित्व हुनुपर्नेछ ।



Scanned by TapScanner

(५) युवाक्लबका सदस्य चयन गर्नका लागि वडासमितिले यससम्बन्धी थप कार्यविधि निर्माण गरी लागू गर्न सक्नेछ ।

(६) युवाक्लबका पदाधिकारीहरुको पदावधि गठन भएको मितिले २ वर्षको हुनेछ । युवाक्लबका पदाधिकारीको उमेरको कारण पद रिक्त भएमा उक्त व्यक्ति जुन क्षेत्रबाट प्रतिनिधित्व गरेको हो सोही क्षेत्रबाट मनोनित गर्ने निकायले बाँकी अवधिका लागि मनोनित गरी पदपूर्ति गर्नेछ ।

(७) वडास्तरीय युवाक्लबको सचिवालय सम्बन्धित वडा समितिको कार्यालयमा रहनेछ ।

**४. युवाक्लबको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ**

(क) युवाको नेतृत्व तथा क्षमता विकास र परिचालनमा सहजीकरण गर्ने ।

(ख) स्थानीय तहसंग समन्वय र सहकार्य गरी युवा विकासका योजना र कार्यक्रम निर्माणमा सहभागी भई युवामैत्री कार्यक्रम निर्माण र कार्यान्वयनमा पैरवी र सहयोग गर्ने ।

(ग) स्थानीय तहमा सञ्चालन हुने सरसफाइ , वातावरण संरक्षण , बालअधिकार , मानव अधिकार , महिला अधिकार , शैक्षिक कार्यक्रम , सामाजिक अन्धविश्वास र कुरीति विरुद्धका सचेतना अभियानहरुमा सक्रियता पूर्वक सहभागी भई कार्यक्रम सफल बनाउन सहयोग गर्ने ।

(घ) प्राकृतिक तथा अन्य प्रकोप व्यवस्थापन तथा विपदका बेला विपद् पूर्व तयारी तथा राहत र उद्धार कार्यमा वडासमिति गाउँपालिका तथा नगरपालिकासंगको समन्वय र सहकार्यमा स्थानीय युवा परिचालन गरी स्वयंसेवकीय भूमिका निर्वाह गर्ने ।

(ङ) राष्ट्रिय युवा परिषद र मातहतका निकायहरुमार्फत स्थानीय स्तरमा सञ्चालन हुने युवालक्षीत कार्यक्रम कार्यान्वयन गर्न सहयोग गर्ने ।

(च) दिगो विकासका लक्ष्यहरुलाई आ-आफ्नो क्षेत्रमा स्थानीयकरण गरी कार्यान्वयन गर्न युवाको सार्थक सहभागिताका साथ नेतृत्वदायी भूमिका खेल्ने ।

(छ) प्रत्येक युवा क्लबले युवाको सहभागितामा वडासमितिको समन्वय र सहकार्यमा कम्तिमा एक उद्यम तथा एक अतिरिक्त क्रियाकलापको नेतृत्व र व्यवस्थापन गर्ने ।

(ज) राष्ट्रिय युवा परिषद वा प्रदेश युवा परिषद र स्थानीय तहबीच समन्वय र सहकार्य गरी युवालक्षीत कार्यक्रमहरु सञ्चालन गर्ने ।

(झ) सार्वजनिक निकायमा सूचनाको हकको कार्यान्वयन तथा सुसाशन प्रवर्द्धनमा टेवा पुर्याउने ।

(ञ) दिगो विकासको लक्ष्यलाई स्थानीयकरण गरी यसको कार्यान्वयनमा युवा परिचालन गर्ने

**परिच्छेद – ३**



Scanned by TapScanner